# मागमा आधारित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,-२०७८

## भाग-२

## हुप्सेकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

**झ्यालबास, नवलपरासी ब.सु.पुर्व**

**गण्डकी प्रदेश नेपाल**

हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७५ को दफा ४ बमोजिम हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**"मागमा आधारित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८"**

# मागमा आधारित कृषि  कार्यक्रम कार्यान्वयन कार्यविधि,-२०७८

**पृष्टभूमि**-

अहिलेको अवस्थामा औधोगिक तथा सेवा क्षेत्रमा यति ठुलो समूहलाई रोजगारी सृजना हुने सम्भावना न्यून भएकोले कृषिक्षेत्र नै ग्रामिण रोजगारीको एक मात्र विकल्पको रुपमा रहेको छ । देशको कुल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रवाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागी यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भूमिका रहेको स्पष्ट छ। हुप्सेकोट गाउँपालिका कृषि तथा पशुपालनको राम्रो सम्भावना बोकेको क्षेत्र हो । यसबाट रोजगारी सृजना हुने मात्र हैन भबिष्यमा आउन सक्ने पोषण तथा  खाद्य संकटको समस्यालाई पनि केहि हद सम्म समाधान गर्न यस कार्यक्रमले सहयोग गर्नेछ । यस कार्यक्रममा ब्याबसायिक खेति गर्ने युवाहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले अधिकांश कृषकहरु कृषि पेशामा संलग्न रहेका छन् तर पनि कृषि क्षेत्रवाट उल्लेख्य प्रगति हाँसिल गर्न सकिएको छैन र शिक्षित बेरोजगार युवाहरु दिनानुदिन विदेशिने क्रम बढ्दै गईरहेको सन्दर्भमा हुप्सेकोट गाउँपालिकाको सड्क संचालनको विस्तार, उत्पादनशिल जमिन, प्रयाप्त सिँचाईको सुविधा तथा कृषि उपज निकासी गर्न समेत सजिलो भएकोले कृषिको व्यवसायीकरण र आधुनिकिकरण मार्फत रोजगारीको सृजना गर्नुका साथै कृषकको आम्दानीमा वृद्धि गर्नका लागी उत्प्रेरणा जागृत गराउने र स्थानिय सरकार मार्फल कृषकलाई सम्मान प्रदान गर्ने, देशको तिनै तहको सरकारले आ-आफ्नो ठाउँ बाट किसानहरु माझ विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको भएता पनि सबै कार्यक्रमहरुमा साना किसान हरुको पहुँच पुग्न नसकेको अबस्था छ सो अबस्थालाइ मध्ये नजर गरि किसानहरुको आवश्यकता अनुसार कार्यक्रम बनाई किसानहरुलाई व्यावसायिक बनाउन,र कृषि पेशामा किसानहरुलाई प्रेरित गर्ने उद्देश्यले हुप्सेकोट गाउँकार्यपालीकाले " मागमा आधारित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ तयार गरेको छ । हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भै प्रमाणीकरण भएपछि तुरुन्त लागु गरिनेछ ।

<u>**परिच्छेद-१**</u>

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**मागमा आधारित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि**, २०७८" रहेको छ ।

(२) यो कार्यविधि हुप्सेकोट गाँउपालिका गाँउकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क."अनुदान" भन्नाले हुप्सेकोट गाउँपालिकाले मागमा आधारित कृषि कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराइने प्रोत्सहान रकम र राहत रकम समेत लाई बुझाउछ ।

ख."अनुदानग्राही" भन्नाले मागमा आधारित कृषि कार्यक्रम अनुदान प्राप्त गर्ने कृषक,उद्धमि,कृषि समुह,कृषि सहकारी,कृषि फर्महरूलाई सम्झनु पर्दछ ।

ग."कृषि" भन्नाले खाद्यान्न, नगदे बाली,तेलहन,दलहन,तरकारी,फलफुल,पुष्प खेति,मसला बाली,मौरीपालन, रेसमखेति, च्याउखेति, आदिलाई सम्झनु पर्छ ।

घ."कार्यालय" भन्नाले कार्यक्रम संचालन गर्ने हुप्सेकोट गाउँपालिका र मातहतका कृषि शाखालाई समेत सम्झिनु पर्दछ ।

ङ."कार्यक्रम" भन्नाले मागमा आधारित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७८लाई सम्झिनु पर्दछ ।

च."राहत" भन्नाले कार्यक्रम अन्तरगत उपलब्ध गराइने राहत,सुबिधालाई सम्झिनु पर्दछ ।

हुप्सेकोट गाउँपालिका

## परिच्छेद-२

## मागमा आधारित कृषि उद्देश्य तथा समिति सम्बन्धि व्यवस्था

**३.उद्देश्य-** कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिमका रहेका छन् ।

क. मेहनती लगनशिल र व्यवसायीक कृषकहरुलाई कृषि पेशामा आवद्ध गरी कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा महत्त्वपूर्ण योगदान पुर्याए वापत सम्मान स्वरूप उत्प्रेरणा सृजना गर्नुका साथै कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

ख. शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गराई रोजगारीको सृजना गर्ने ।

ग. शिक्षित र पढे लेखेका युवाहरुले पनि कृषि पेशामा लाग्दा नाफा र सम्मान दुवै पाउन सकिन्छ भन्ने सोच र धारणाको विकास गरी कृषि पेशालाई सम्मानित पेशाकारूपमा स्थापित गर्न सहयोग गर्ने।

घ. किसानहरुको आवश्यकता अनुसार कार्यक्रम बनाई किसानहरुलाई व्यावसायिक बनाउन,र कृषि पेशामा किसानहरुलाई प्रेरित गर्ने ।

ङ. युबाहरुलाई कृषि पेशामा निर्भर बनाई स्वदेशमै रोजगारीको सृजना गर्ने ।

च. कृषि पेशाबाट हतोत्साहित भई विदेश पलायन हुनी अबस्थाका कृषक हरुलाई रोकी पुनः कृषि पेशामा नै स्थापित गर्नी ।

**४. मागमा आधारित कृषि कार्यक्रम कृषक छनौटका आधारहरुः** मागमा आधारित कृषि कार्यक्रममा कृषक छनौटका आधारहरु देहाय बमोजिमका रहेका छन् ।

क. सामुहिक खेतीलाई प्राथमिकता दिइनेछ ।

ख. आफ्नै वा जमिन भाडामा लिई न्युनतम ५ कठ्ठा जमिनमा दफा २ को ग मा उल्लेखित व्यवसायीक तरकारी खेती वा फलफूल खेती गरेको,वा

ग. आफ्नै वा जमिन भाडामा लिई न्युनतम ३ कठ्ठा जमिनमा खाद्यान्न तथा तरकारीको बीउ उत्पादन गरेको,वा

घ. कृषि व्यवसायलाई मुख्य पेशाका रुपमा अपनाई निरन्तर ५ वर्ष देखि कृषि पेशामा संलग्न भएको वा ५ वर्षदेखि निरन्तर रुपमा कृषि पेशामा संलग्न भईरहेको,वा

ङ. मौरीपालनको हकमा कम्तिमा १० घारगोला ,च्याउ खेतिको हकमा कम्तिमा १०*१४ फिट का २ वटा टहरामा खेती गर्नुपर्ने छ ,

छ. हुप्सेकोट गाउँपालीकामा स्थायी वसोवास गरेको कृषक ।

**५. मागमा आधारित कृषि कार्यक्रम** :- यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिने छ ।

खाद्यान्न ,तरकारी, फलफुल, पुष्पखेति, मसलाबाली, मौरीपालन, रेसमखेति, च्याउखेति, कृषिसामाग्री, नगदे बाली,तेलहन,दलहन,मेशिनरी औजार,कृषि उपकरण खरिद लागायतका कार्यक्रम संचालन गरिने छ ।

**६. निर्देशक समिति** : १) कार्यक्रम संचालनको लागि नीतिगत ब्यबस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) हुप्सेकोट गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख)हुप्सेकोट गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ)कृषि शाखा प्रमुख | सदस्य सचिब |

२) निर्देशक समितिले आबस्यकता अनुसार बढीमा २ जना बिशेषज्ञ वा कृषि संग सम्बन्धित पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. **कार्यक्रम ब्यबस्थापन समिति** १.कार्यक्रम संचालनको लागि देहाय बमोजिमको कार्यक्रम ब्यबस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख. लेखा अधिकृत | सदस्य |
| ग.प्रशासन शाखा प्रमुख | सदस्य |
| घ. पशु सेवा शाखा प्रमुख | सदस्य |
| ङ. कृषि शाखा प्रमुख | सदस्य सचिब |

२.कार्यक्रम ब्यबस्थापन समितिले आबश्यकता अनुसार बढीमा २ जना बिज्ञ,बिशेषेज्ञ वा प्राबिधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**८.कार्यक्रम ब्यबस्थापन समितिको काम र कर्तब्य** :कार्यक्रम ब्यबस्थापन समितिको काम, कर्तब्यर अधिकार देहाय बमोजिम हुनेछ ।

क.कार्यक्रम संचालनको लागि सूचना द्वारा प्रस्ताब आव्हान गर्ने ।

ख. यस समितिले कार्यक्रम संचालनका लागि सुचना बमोजिम प्राप्त आवेदकहरुको कागजात छानबिन,स्थलगत अनुगमन,निरीक्षण र मुल्यांकन गरि यसको प्रभावकारीता अध्ययन गरी समय समयमा आवश्यक सुझाव सहितको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने ।

ग.कार्यक्रमका लागी न्युनतम मापदण्ड पुरा गर्ने आवेदकहरुको विवरण तयार गरी स्वीकृतिका लागी कार्यक्रम निर्देशक समिति समक्ष पेश गर्ने ।

घ.कार्यक्रम संचालनका लागि अनुदान रकम प्रस्ताब गरि स्वीकृतका लागि निर्देशक समिति समक्ष पेश गर्ने ।

ङ. छनोट भएका प्रस्तापक संग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने ।

च.अनुदानग्राहीबाट प्रात बिल भर्पाइ सम्झौताका आधारमा अनुगमन तथा मूल्यांकन गरि ,सो को आधारमा सिफारिस गरि अनुदान रकम भुक्तानीका लागि सिफारिस गर्ने ।

**९. मागमा आधारित कृषि कार्यक्रम संचालन प्रक्रिया :** (१) मागमा आधारित कृषि कार्यक्रम संचालनार्य कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**क. सूचना प्रवाहः** गाउँपालिकाले कार्यक्रममा सहभागी हुनका लागी अनुसुचि -१ बमोजिम सूचना प्रवाह गर्नुपर्नेछ ।

**ख.निवेदन संकलनः** मागमा आधारित कृषि कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक अनुदानग्राहीले अनुसुचि २ बमोजिम तोकेको ढाँचामा आवश्यक कागजात सहित गाउँपालिकाको कृषि शाखामा आवेदन पेश गर्नुपर्ने छ।

**ग. छनौट प्रक्रियाः** मागमा आधारित कृषि कार्यक्रमको लागी कृषक छनौट प्रक्रिया अघि बढाउदा रित पुर्वक आवश्यक कागजात सहित पेश हुन आएका आवेदनहरु मध्ये दफा ४ वमोजिनको न्युनतम मापदण्ड पुरा गरेको छ वा छैन भन्ने विषयमा कार्यक्रम व्यवस्थापन समितिले स्थलगत फिल्ड अनुगमन पश्चात न्युनतम मापदण्ड पुगेका कृषकहरुको विवरण तयार गरी स्वीकृति र सम्झौताका लागि पेश गर्ने छ ।

(२) यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्ने अनुदान ग्राहिले अनुसूची- ५ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**१०.कार्यक्रम अनुगमनः**_यस कार्यक्रमको अनुगमन दफा ५ बमोजिमको निर्देशक समिति र दफा ७ बमोजिमको कार्यक्रम व्यवस्थापन समितिले गरिनेछ ।

**११.कार्यक्रम संचालन हुने कार्यक्षेत्र-** यस गाउँपालिकाको सम्पूर्ण वडाहरुमा यस कार्यक्रम संचालन गरिनेछ ।

**१२. कार्यक्रम संचालन प्रक्रियाः** कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ।

१) यस कार्यक्रम हुप्सेकोट गाउँपालिका कृषि शाखा मार्फत संचालन गरिनेछ ।

२)यस कार्यालयले अनुसूची १ बमोजिमको सुचना वेबसाइटमा राखने ,सुचना पाटिमा टाँस गर्ने वा प्रकाशन गरि अनुसूची २,३ र ४ बमोजिमको निबेदन र प्रस्ताब मांग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक /उधमीहरु छनोट गरि अनुसूची- ५ बमोजिम सम्झौता गरि कार्यक्रम संचलन गरिनेछ ।

**१३.कार्यक्रम खर्च मापदण्ड-** कार्यक्रम खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ।

क) कार्यक्रममा सहभागी हुने कृषकहरुले ब्याबसायिक खाध्यान्नबालि, नगदे बाली,तेलहन,दलहन, तरकारीखेति, फलफुलखेति मसला बाली, पुष्पखेती, मौरीपालन, च्याउखेतिका लागि आवश्यक पर्ने बिउ,मल,श्रम,कृषि औजार,मेशिनरी ,बालि संरक्षण सामाग्री,स्प्रेयर,सिंचाई को लागि आवश्यक सामाग्रीहरु खरिद गर्नका साथै प्लास्टिक घर निर्माण, मौरीघार,गोला खरिद, च्याउघर निर्माण कार्यमा खर्च गर्न सक्नेछन् ।

ख) कार्यक्रममा समाबेस हुनेले गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने अनुदान सहयोग रकम प्रस्तावना/लागत अनुमानको ५०% वा बढीमा रु १,००,०००/- अक्षेरुपि एक लाख रुपैया मात्र मध्य जुन घटी हुन आउछ सोहि रकम मात्र अनुदान स्वरूप उपलब्ध गराइनेछ ।

**१४.भुक्तानी प्रक्रियाः** अनुदानग्राहीबाट काम सम्पन्न भए पश्चात बिल भर्पाइ पेश भएपछी ,सम्झौताका आधारमा अनुगमन तथा मूल्यांकन गरि कार्यक्रम व्यवस्थापन समितिको सिफारिसको आधारमा चेक मार्फत भुक्तानी उपलब्ध गराइने छ ।

<u>अनुसूची १</u>

**दफा ९ संग सम्बन्धित**

प.सं.
मितिः
च.न.

सूचना ! सूचना !! सूचना !!!

**बिषयः- प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस हुप्सेकोट गाउँपालिका कार्यालयको आ.ब ............. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित कृषि कार्यक्रम संचालन गरि सम्पन्न गर्नु पर्ने भएकोले यस हुप्सेकोट गाउँपालिका भित्र रहेका सम्पूर्ण कृषक,कृषि फर्म,कृषक समूह,कृषि सहकारी,कम्पनि हरुलाई निम्न कागजात सहित प्रस्ताव पेश गर्न यो सुचना प्रकाशन गरिएको छ । मिति ...................... गते कार्यालय समय भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- रु १०/- को टिकेट टाँस गरि तोकिए बमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना ।
- संस्थाको दर्ता/ नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- PAN/VAT दर्ताप्रमाण-पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.ब.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- समुह/सहकारीको हकमा संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि तथा अघिल्लो आ.ब.को अडिट रिपोर्टको प्रतिलिपि ।
- अघिल्लो दुई आ.ब.मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र ।

हुप्सेकोट गाउँपालिका

- स्थानीय तह वा वडा कार्यालयको कार्यक्रममा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखिएको सिफारिश पत्र ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लाल पुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचाल नगर्ने हकमा न्यूनतम १० बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।
- कार्यक्रम संचालनको लागि प्रस्तावना ।
- नेपालि नागरिकताको प्रतिलिपि ।

## अनुसूची-२

## दफा १२ संग सम्बन्धित

## मागमा आधारित कृषि  कार्यक्रम संचालनका लागि निबेदन

मितिः-

श्री हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय झ्यालबास ।
बिषयः-अनुदान उपलब्ध गराई दिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा ताहा कार्यालयबाट मिति ......................................... मा प्रकाशित सुचना अनुसार यस निबेदन फाराममा हस्ताक्षर भएको म/हामि गण्डकी प्रदेश नवलपरासी ब.सु.पुर्ब जिल्ला हुप्सेकोट गाउँपालिका वडा न. ...... मा अबस्थित ................................ कृषक,कृषि फर्म,कृषक समूह,कृषि सहकारी,कम्पनि लाइ मागमा आधारित कृषि कार्यक्रम मार्फत अनुदान सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । आबश्यक कागजात यसै साथ संलग्न राखी पेश गरेको छु ।

निबेदक
हस्ताक्षरः-
नाम :-
ठेगानाः-
सम्पर्क न.:-
संस्थाको छाप :-

हुप्सेकोट गाउँपालिका

मिति :-

पेश गरेका कागजातहरुः-

- रु १०/- को टिकेट टाँस गरि तोकिए बमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना ।
- संस्थाको दर्ता / नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- PAN/VATदर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.ब.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- समुह/सहकारीको हकमा संस्था संचालाक समितिको बैठक निर्णयको प्रतिलिपि तथा अघिल्लो आ.ब.को अडिट रिपोर्टको प्रतिलिपि ।
- अघिल्लो दुई आ.ब.मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र ।
- वडा कार्यालयको कार्यक्रममा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखिएको सिफारिश पत्र ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम ५ बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।
- कार्यक्रम संचालनको लागि प्रस्तावना ।
- नेपालि नागरिकताको प्रतिलिपि ।

हस्यकोट गाउँपालिका

## अनुसूचि-३

## दफा १२ संग सम्बन्धित

**प्रस्तावना**

क. आवेदक को संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नाम : | |
| ठेगानाः | |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | |
| प्रोपराइटर/अध्यक्षको नाम र सम्पर्क न.: | |
| सम्पर्क व्यक्तिको नाम र सम्पर्क न.: | |
| कार्यक्रम संचालन गरिने कृषक घर धुरी शंख्या : | |

ख.संबन्धित खेति /ब्यबसाय सम्बन्धि विवरण

संबन्धित खेति /ब्यबसायको नामः-

| क्र.स. | हाल खेति गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल/आकार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

ग.कुल अनुमानित उत्पादनः

घ.कुल रोजगारी सृजनाः

ङ.संचालन हुने क्रियाकलापहरुः

१.लागत साझेदारीमा संचालन हुने

| क्र.स. | क्रियाकलाप विवरण | इकाई | परिमाण | दर रु | जम्मा लागत रु | कार्यालयको अनुदान रु | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२.आफनै लगानीमा संचालन हुनेः

| क्र.स. | क्रियाकलाप विवरण | इकाई | परिमाण | दर रु | जम्मा लागत रु | कार्यालयको अनुदान रु | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

च.मांग गरेको जम्मा अनुदान रकमः

छ.अन्य ब्याबसायिक योजनाः

- नविनतम सोच (खेती/ ब्याबसाय सम्बन्धित कुनै नया सोच/प्रबिधी अपनाउने भए उल्लेख गर्नुहोस)
- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरि गर्नुहुन्छ ?)

ज.अन्य बिषय केहि भए उल्लेख गर्नुहोसः

## अनुसूची-४

## दफा १२ संग सम्बन्धित

**स्वघोषणा-पत्र**

प्रस्तुत बिषयमा नवलपरासी ब.सु.पुर्ब जिल्ला हुप्सेकोट गाउँपालिका वडा न. ............ मा संचालित ........................................... कृषि फार्म /समुह/सहकारी/कम्पनि अघिल्लो दुई आ.ब.मा देहाय अनुसा अनुदान प्राप्त गरेको /नगरेको व्यहोरा साँचो हो,झुट्टा ठहरिएमा कानुन अमोजिम संहुला बुझाउला ।

| क्र.स. | आ.ब. | अनुदान उपलब्ध गराउने संस्था | अनुदान रकम रु | कामको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

घोषणाकर्ता
हस्ताक्षरः-
नाम :-
ठेगानाः-
सम्पर्क न.:-
संस्थाको छाप :-
मिति :-

हुप्सेकोट गाउँपालिका

## अनुसूची-५

# दफा ९ संग सम्बन्धित

हुप्सेकोट गाउँपालिका कार्यालय झ्यालबास नवलपारासी ब.सु.पुर्ब.र श्री ..........................................हुप्सेकोट गाउँपालिका वडा नं..... का बीच मागमा आधारित कृषि कार्यक्रम संचालन गर्न भएको द्विपक्षीय

समझौता- पत्र

हुप्सेकोट गाउँपालिका कार्यालय नवलपरासी ब.सु.पुर्ब.( जसलाई यस पछी पहिलो पक्ष भनिने) र हुप्सेकोट गाउँपालिका वडा नं...........का श्री/सुश्री/श्रीमती ............. .............(यस पछी दोश्रो पक्ष भनिने),बीच हुप्सेकोट गाउँपालिका कृषि शाखा मार्फत संचालन गरिने आ.ब २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित कृषि कार्यक्रम संचालन गरि सम्पन्न गर्न तपशिल बमोजिमका सर्तहरु पालना गर्न गराउन दुवै पक्ष बीच सहमति भएकोले यो सम्झौता गरि दियौ/लियौ ।

**सर्तहरु**

१.दोश्रो पक्षले सम्झौता भएको लगतै काम सुरु गर्नु पर्ने छ ।

२.दोश्रो पक्षले पेश गरेको प्रस्तावना बमोजिमको कार्य संचालन गर्नु पर्ने छ ।

४.यस आ.ब. .............. मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार दोश्रो पक्षले पेश गरेको बिल भरपाई अनुसार बढीमा
५० % रकम वा बढीमा रु १,००,०००/- सम्म रकम आवश्यक उत्पादन सामाग्री लगायतका अन्य खर्चका लागि उपलब्ध गराउने छ ।

५.प्रथम पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गरिदिने छ । तोकिए अनुसारको स्वीकृत कार्ययोजना अनुसार काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।

६. स्वीकृत कार्ययोजना बमोजिम सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

७.दोश्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउन पर्ने छ ।

८.प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

९.दोश्रो पक्षले आगामी बर्ष पनि ब्याबसायिक खेति गर्नुपर्ने छ ।प्रथम पक्षले यसको अनुगमन गर्ने छ,यस बापद प्रथम पक्षले कुनै पनि आर्थिक अनुदान सहयोग गर्ने छैन ।

१०.प्रथम पक्षले सुरुमा कार्यक्रम संचालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरि कार्यविधिमा तोकिए बमोजिमका निबेदन,सक्कल बिल,भरपाई लगायत का कागजात पेश गरे पश्चात अनुगमन गरि प्रतिबेदनका आधारमा दोश्रो पक्षलाई ए सि पेई चेक मार्फत रकम भुक्तानी दिइनेछ ।

११.प्रथम पक्षले गर्ने भुक्तानी रकममा नियमानुसार लाग्ने कन्टेन्जेन्सी रकम,मूल्य अभिवृद्धि कर र अग्रिम कर लगायत ऐन ,नियम अनुसार कट्टी गरिने रकम कट्टी गरि बाँकी रकम भुक्तानी दिईने छ ।

१२.कार्यक्रम संचालनको क्रममा आउन सक्ने दुबिधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३.सम्झौतामा उल्लेख हुन छुटेका बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फ बाट | दोश्रो पक्षको तर्फ बाट |
|---|---|
| हस्ताक्षः | हस्ताक्षर |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| पदः | पदः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| साक्षि | साक्षि |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| संस्थाको नामः | संस्थाको नाम |
| पदः | पदः |

इति सम्बत............. साल ..........महिना ........गते रोज............ शुभम ।

हुम्लाकोट गाउँपालिका

# मागमा आधारित कृषि कार्यक्रम अनुगमन फारम

मितिः-

१)कृषक/कृषकसमूह/सहकारी/कृषिफार्मकोनाम ठेगानाः

२) अध्यक्ष/संचालकको नाम थर :

३) ब्यबसायको किसिमः

खेतिको किसिम :

खेति गरिएको क्षेत्रफ़लः

४.माग गरेको कार्यक्रमको विवरणः

| क.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. सुझाबहरुः

१.

२.

३.

अनुगमन गर्ने पदाधिकारीको नाम र दस्तखत

१.

२.

३.

**कार्यपालिकाबाट पारित मितिः २०७८/०३/३०**

**प्रकाशित मितिः २०७८/०४/०१**

**आज्ञाले**

**पवन अर्याल**

**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका